नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

नेपाल र भारत सरकारको संयुक्त लगानीमा निर्माण सम्पन्न भएको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू र भारतीय प्रधानमन्त्रीज्यूले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । सम्माननीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तथा भारतीय प्रधानमन्त्रीज्यूले नयाँदिल्लीस्थित प्रधानमन्त्री कार्यालयबाट एकैसाथ वटन थिचेर उद्घाटन गर्नुभएको थियो। उद्घाटनसँगै नेपालको अमलेखगञ्जस्थित डिपोमा उपस्थित इण्डियन आयल निगमका कर्मचारीहरुद्वारा नेपाल आयल निगमका कर्मचारीहरुलाई पाईपबाट डिजेल भरी हस्तान्तरण गरियो । कार्यक्रममा पाइपलाइनको निर्माणसम्बन्धी जानकारी समेटिएको भिडियो समेत प्रस्तुत गरिएको थियो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले यो पाईपलाइन परियोजना नेपाल र भारतबीचको मात्र नभई दक्षिण एशियाकै पहिलो परियोजना भएको, यसबाट ढुवानी लागत कटौती मात्र नभई ट्राफिक व्यवस्थापन, प्रदुषण नियन्त्रण र समयको बचत हुने बताउनुभयो । उहाँले पाइपलाइनको शुरुवातसँगै आजै नेपालमा डिजेल, मट्टितेल तथा पेट्रोलमा प्रति लिटर दुई रुपैया घटाइएको समेत जानकारी गराउनुभयो । प्रधानमन्त्रीज्यूले यो परियोजना नेपाल र भारतबीचको सहयोग आदान प्रदानको उत्कृष्ट उदाहरण भएको बताउनुभयो । उहाँले भारतीय प्रधानमन्त्रीज्यूलाई उपयुक्त समयमा नेपाल भ्रमणका निमित्त निमन्त्रणा समेत गर्नुभयो ।

यस्तै, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीज्यूले यो परियोजनाले दुईदेशबीचको सम्बन्धलाई नयाँ उचाईमा पुर्‍याएको बताउनुभयो ।उहाँले यो परियोजना निर्धारित समयभन्दा अगावै सम्पन्न हुनुको श्रेय सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको नेतृत्वलाई दिँदै नेपाल सरकारको सहयोगको प्रशंसा गर्नुभयो । उहाँले यस परियोजनाको उद्घाटनसँगै पेट्रोलियम पदार्थको मूल्य घटेबाट सामान्य नागरिकलाई फाइदा पुगेकोमा खुशी व्यक्त गर्नुभयो । साथै, सम्माननीय प्रधानमन्त्रीज्यूको नेपाल भ्रमणको निमन्त्रणालाई स्वीकार गर्दै उपयुक्त समयमा नेपाल भ्रमण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उद्घाटन समारोहमा नेपाल सरकारका माननीय उपप्रधानमन्त्री तथा मन्त्रीज्यूहरु, सम्माननीय प्रधामन्त्रीज्यूका मुख्य सल्लाहकार एवं सल्लाहकारज्यूहरु, राष्ट्रिय योजना आयोगका पदाधिकारीज्यूहरु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यू, नेपाल सरकारका सचिवज्यूहरु, नेपालका लागि भारतीय राजदूत एवम् भारतीय दुतावासका उच्च पदाधिकारीहरु तथा नेपाल सरकारका कर्मचारीहरु एवम् पत्रकारहरुको पनि उपस्थिति रहेको थियो ।

२४ भदौ, २०७६

यमलाल भूसाल
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np